# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, पौष ५ गते २०२८ साल

श्री ५ को सरकार

### शिक्षा मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन २०१८ को दफा ७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले आदर्श सौल युवक हाइस्कूल सैंबु बुंगमती ललितपुरको लागि बागमती अञ्चल ललितपुर जिल्ला सैंबु भैंसेपाटी गाउं पञ्चायत वडा नं. १ अन्तरगतको निम्नलिखित चारकिल्लाभित्रको जग्गा प्राप्त गराइदिने निर्णय गरेकोले सम्बन्धित जग्गा- धनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुंदा यो सूचना प्रकाशित गरिएको छ ।

तपसील

पुर्ब बुंगमती जाने मूल सडक, पश्चिम कि. नं. ७२ को कान्छी मगर्नीले कमाएको जग्गा, कि. नं. ६६ ठुली मगर्नीले कमाएको जग्गा, कि . नं. ६८ बिलबहादुर तुलाधरले कमाएको जग्गा र कि. नं. ६७ पञ्चराज तुलाधरले कमाएको जग्गा उत्तर कि. नं. ५१ कान्छा ज्यापुले कमाए- को जग्गा र कि. नं. ५३ चक्रमान तुलाधरले कमाएको जग्गा, दक्षिण कि. नं. १३२ को पर्तिजग्गा यति ४ किल्लाभित्रको मालपोत रू. ७८।४० लाग्ने जम्मा जग्गा रोपनी २० बीसको कित्ता एक– – – – – – – – – – १

आज्ञाले–
कृष्णबहादुर मानन्धर
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।